# ‘अन्तर्राष्ट्रिय मापदण्ड विकासशील देशअनुकूल हुनुपर्छ’

**प्रस्तुति:** कारोबार संवाददाता **मिति:** 2012-11-22 **सम्बन्ध:** अर्थ

काठमाडौं, ६ मंसिर - जैविक ऊर्जामा अन्तर्राष्ट्रिय प्रमाणीकरण तयार गर्ने सम्बन्धमा छलफल गर्न दक्षिण र पूर्वी एसिया राष्ट्रका प्रतिनिधिहरुको तीन दिने सम्मेलन काठमाडौंमा सुरु भएको छ ।

अन्तर्राष्ट्रिय प्रमाणीकरण संगठन (आईएसओ) मा सहभागी विकासशील राष्ट्रहरुले त्यसको मापदण्ड विकासशील देशअनुकूल हुनुपर्ने तर्क गरेका छन् । विकसित देशले तोकेका मापदण्डअनुसारको उत्पादन तयार गर्न नसक्दा विकासशील देशहरुको व्यापार प्रभावित भएको तर्क गर्दै उनीहरुले प्रमाणीकरण संगठनमा आफ्नो सहजताका लागि ‘लबिङ’ गर्नेछन् । संगठनले जैविक ऊर्जाका सम्बन्धमा प्रमाणीकरण मापदण्ड तयार गर्दैछ ।

साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भायरोमेन्ट (सावती) ले कार्यान्वयन गरिरहेको ‘प्रमाणीकरणका माध्यमबाट व्यापार प्रवद्र्धन’ कार्यक्रमअन्तर्गत नेपाल, कम्बोडिया, लाओस, भियतनाम, इन्डोनेसिया, बंगलादेश, श्रीलंका र पाकिस्तानका प्रमाणीकरणसम्बन्धी सरकारी संस्था तथा निजी क्षेत्रका प्रतिनिधिको क्षमता अभिवृद्धिका लागि स्विडिस अन्तर्राष्ट्रिय विकास नियोगको सहयोगमा तीन दिने सम्मेलन आयोजना गरिएको हो । प्रमाणीकरण संगठनमा यी देशका प्रतिनिधिले जैविक ऊर्जाका आवश्यक मापदण्ड र दिगोपनका सम्बन्धमा आ–आफ्ना अनुकूलता प्रस्तुत गर्नेछन् ।

कार्यक्रममा सावतीका अध्यक्ष डा. पोषराज पाण्डेले जलवायु परिवर्तनका चुनौती सम्बोधन गर्न जैविक ऊर्जाले कार्बन न्यूनीकरणका माध्यमबाट सघाउने तर्क गरे । तर, जैविक ऊर्जाको अत्यधिक प्रयोगले जैविक विविधतामा असर पर्ने उनको भनाइ छ । प्राकृतिक स्रोतको उपयोगबाट सस्तो लागतमा उत्पादन हुने भएकाले जैविक ऊर्जाको व्यापारले विस्तारै महत्व पाउँदै गएको उनले बताए ।

उद्योग मन्त्रालयका सचिव कृष्ण ज्ञवालीले सरकारले रियो सम्मेलनको प्रतिबद्धताअनुरुप जलवायु परिवर्तन नीति तयार गरिरहेको जानकारी दिए । “अन्तर्राष्ट्रिय मापदण्ड निर्धारणमा विकासशील देशहरुको सहभागिता महत्वपूर्ण हुन्छ,” उनले भने ।